# मानमिन समाचार

अंक १३ जुलाई ३०, २०१३

# पवित्र आत्माका कार्यहरू ढुकुरझैं यूरोपेली आत्माहरूमा ओर्लँदै



1



2



3




4



5



6



7

न् २०१३ सालको अप्रिल १६ देखि मे २ तारीखसम्म, पुरुष र महिला मिशनको जेनरल गाइडेन्स पास्टर हिसन ली फ्रान्स, बेल्जियम, लाट्भिया, इस्तोनिया र बुल्गेरिया लगायतका पाँचवटा यूरोपेली देशहरूको मिशन यात्रामा जानुभयो।

अप्रिल १७ तारीखका दिन, पास्टर लीले मिशिनरी पौल डी. काङ्गले सेवकाइ गर्नुहुने फ्रान्स मानमिन मण्डलीमा 'पवित्र आत्माको भरपूरी' प्रार्थना सभा अगुवाइ गर्नुभएको थियो। अप्रिल १९ तारीखको दिन, उहाँले मिशिनरी क्रिस्टिना एच. रोले सेवकाइ गर्नुहुने हाइनाउत मानमिन मण्डलीका सदस्यहरूलाई भेटेर उहाँहरूलाई परामर्श दिनुभयो। अप्रिल २० तारीखका दिन, उहाँले हाइनाउत मानमिन मण्डलीमा आयोजना गरिएको पास्टरीय सम्मेलनमा "मण्डली जागृतीका उपायहरू" बारे प्रचार गर्नुभएको थियो।

पास्टर लीले (फोटो १) कोरिया, सियोलको मानमिन केन्द्रीय मण्डली विश्वभरि करिब १०,००० शाखा र सहयोगी मण्डलीहरू भएको विशाल मण्डली बन्नुको मुख्य कारणहरूका बारेमा व्याख्या गर्नुभयो। डा. जेरक लीको सेवकाइबारे सुनेर त्यहाँ उपस्थित पास्टरहरू आश्चर्यचकित हुनुभएको थियो। परमेश्वरको वचन आज्ञापालन नगरेको निम्ति उहाँहरूले पश्चात्ताप गर्नुभयो र नयाँ संकल्प गर्नुभयो (फोटो ४)।

अप्रिल २१ तारीख, आइतबारको दिन, हाइनाउत मानमिन मण्डलीको पहिलो वार्षिकोत्सव सेवा थियो। पास्टर हिसन लीले आफ्नो प्रवचनमा सदस्यहरूलाई नामानले गरेझैं आज्ञापालनका कार्यहरू प्रकट गरेर आशिष प्राप्त गर्न आग्रह गर्नुभयो। दिउँसोको समयमा, उहाँहरूले रुमालको चङ्गाइ प्रार्थना सभा आयोजना गर्नुभएको थियो (हेर्नुहोस्: प्रेरित: ११-१२) र त्यहाँ धेरै सदस्यहरू आफ्ना रोगहरूबाट निको हुनुभएर परमेश्वरलाई महिमा दिनुभएको थियो। त्यसपछि, पास्टर हिसन लीले अप्रिल २३ तारीखका दिन लाट्भियाको कुल्दिगामा रहेको एउटा मण्डली (फोटो ५) र अप्रिल २४ तारीखका दिन इस्तोनियाको टल्किनमा रहेको अर्को मण्डलीमा (फोटो २,३) रुमालको चङ्गाइ प्रार्थना सभाहरूमा अगुवाइ गर्नुभयो। धेरै सदस्यहरूले पास्टर लीको रुमालको प्रार्थनाद्वारा आफ्ना प्रार्थनाको उत्तर र ईश्वरीय चङ्गाइ प्राप्त गर्नुभयो। प्रशंसा र प्रार्थनाको समयद्वारा उहाँहरू पवित्र आत्माले भरिनुभएको थियो।

अप्रिल २६ तारीखका दिन, पास्टर ली WCDN-बुल्गेरियाले, बुल्गेरियाको सोफियामा आयोजना गरेको पहिलो बाल्कन सम्मेलनमा सहभागी हुनुभयो। 'चङ्गाइकर्ता परमेश्वर' शीर्षकमा उहाँले मानमिन केन्द्रीय मण्डलीका सिनियर पास्टर डा. जेरक लीद्वारा प्रकट गरिएका विभिन्न प्रकारका चिन्हहरू, आश्चर्यकर्महरू र शक्तिशाली कार्यहरूका बारेमा प्रचार गर्नुभयो। मानमिन केन्द्रीय मण्डलकिो कला प्रस्तुति समिति अन्तर्गतको पावर टिमले प्रत्येक मिटिङ्गमा उत्साहपूर्ण प्रशंसा र प्रस्तुतिहरूद्वारा परमेश्वरलाई महिमा दिनुभएको थियो। उहाँहरूको प्रस्तुतिहरूले त्यहाँ उपस्थित सहभागीहरूको हृदयको ढोकालाई खोलिदियो, सहभागीहरूलाई अनुग्रहले भरपूर र भावुक बनायो र उहाँहरूले मानिसहरूबाट प्रेम पाउनुभयो (फोटो ६)।

यात्राको क्रममा, मिशन समूह बेल्जियमको ब्रुसेल्समा (फोटो ७) पुग्नुभएको थियो जुनचाहिँ यूरोपेली संघको राजधानी शहर हो। इसाईत्व ओरालो लागेको यूरोपमा मिशन समूहले पवित्रताको सुसमाचारको आगो सल्काउनुभएको थियो। सबै धन्यवाद र महिमा परमेश्वरलाई होस् जसले पवित्रआत्माका कार्यहरू ढुकुरझैं ओर्लन दिनुभएर यूरोपेली आत्माहरूलाई सान्त्वना र शान्ति दिनुभयो।

## कोलम्बिया मानमिन मण्डलीको पहिलो वार्षिकोत्सव सेवा



कोलम्बिया, 'कफीको देश' दक्षिण अमेरिकाको उत्तरपश्चिमी भू-भागमा अवस्थित छ। यसको राजधानी शहर, बोगोटामा, कोलम्बिया मानमिन मण्डलीको पहिलो वार्षिकोत्सव सेवा २०१३, अप्रिल २८ तारीखका दिन आयोजना गरिएको थियो।

त्यस मण्डलीमा सेवाकाइ गरिरहनुभएको पास्टर डेविड जे. जाङ्ग ले प्रवचन दिनुभयो र त्यसपछि उत्सव समारोह शुरु भयो। बालबालिकाहरूले विशेष नृत्य प्रस्तुत गर्नुभयो, बहिनीहरू छान्मी ह्वाङ्ग र सेसिया जङ्गले विशेष गीत प्रस्तुत गर्नुभयो र पेरु मानमिन मण्डलीका सदस्यहरूले विशेष प्रस्तुतीहरू दिनुभयो जसद्वारा कार्यक्रम उल्लासमय बनेको थियो।

## WCDN-बुल्गेरियाद्वारा पहिलो बा( ल्कन सम्मेलन

डब्लु.सि.डि.एन.(WCDN) (विश्व इसाई चिकित्सकीय संजाल) ले विश्वभरि घटेको ईश्वरीय चङ्गाइका घटनाहरूलाई औषधि विज्ञानको तथ्यमा आधारित भएर विश्लेषण गर्दछ। अमेरिका र रसियाजस्ता देशहरू लगायत अन्य विभिन्न देशहरूमा यसका १७ वटा शाखाहरू रहेका छन्। प्रत्येक वर्ष विश्वभरिका चिकित्सकहरू भेला भएर अन्तर्राष्ट्रिय इसाई चिकित्सकीय सम्मेलन आयोजना हुने गर्दछ।

त्यसमा WCDN-बुल्गेरियाले सन् २०१४ सालको निम्ति अन्तर्राष्ट्रिय इसाई चिकित्सकीय सम्मेलनको तयारी गरिरहेको छ। यसैबीच, यसले सन् २०१३ अप्रिल २६ देखि २८ तारीख सम्म इसाई केन्द्र सोफिया र गुड फ्युचर एण्ड होप एसोशिएसनसित मिलेर पहिलो बाल्कन सम्मेलन आयोजना गरेको थियो। यो सम्मेलनमा विविध शीर्षकहरूका व्याख्यान, ईश्वरीय चङ्गाइका घटनाहरूको प्रस्तुति र गोष्ठीहरू समावेश गरिएको थियो जसले गर्दा उपस्थित सहभागीहरूलाई आपसी सहकार्यको भावना राखी बाल्कन प्रायद्वीपका देशहरूको निम्ति प्रार्थना गर्ने अवसर मिलेको थियो।

## "क्रूसको सन्देश" मा श्रृंखला - (१३)

# येशूले काँढाको मुकुट लगाउनुको प्रबन्ध



डा. जेरक ली

"अनि तिनीहरूले उहाँलाई बैजनी रङ्को वस्त्र लगाइदिए, र काँढाहरूको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, अनि "यहूदीहरूका राजाको जय" भन्दै तिनीहरूले उहाँलाई सलाम गर्न लागे। अनि तिनीहरूले उहाँको शिरमा निगालोले हिर्काउँदै उहाँलाई थुके, र घुँडा टेकेर उहाँलाई दण्डवत् गरे।"
(मर्कूस १५:१७-१९)

येशूका कष्टहरूको विस्तृत विवरण थाहा पाउनाले तपाईंलाई परमेश्वरको प्रेमको गहिराइलाई बुझ्न र खीष्टमा अझ जोशिलो जीवन बिताउन सहयोग मिल्नेछ। येशूलाई कोर्रा लगाइनु, उहाँको रगत बगाइनु र काँढाको मुकुट लगाइनुको प्रबन्धबारे तपाईंले बुझ्नुभएपछि यसले तपाईंको हृदयलाई गहन रूपमा छुनेछ।

### १. येशूले काँढाको मुकुट लगाउनुभयो

परमेश्वरको पुत्र भएर, येशूले आदर र महिमाको मुकुट पहिरिनु उपयुक्त थियो। तरैपनि, आफ्नो कष्टको समयमा येशूले तीखो काँढाको मुकुट लगाउनुभयो (मर्कूस १५:१७)। रोमी सिपाहीहरूले काँढैकाँढा भएको रुखका हाँगाहरूबाट मानिसको टाउकोभन्दा सानो मुकुट बनाएर येशूको शिरमा त्यो जबरजस्ती लगाइदिए।

लामा र तीखा काँढाहरूले येशूको शिरलाई छेड्दा, उहाँको माथा चिरिएर पीडा हुनुको साथै त्यहाँबाट बगेको रगतले उहाँको अनुहार रगताम्य भयो। किन येशूले काँढाको मुकुट लगाउनुभएर आफ्नो रगत बगाउनुभयो त ? यो चाहिँ मानिसहरूले आफ्ना सोचाइमा गरेका पापहरू क्षमा गरिदिनका निम्ति थियो।

मानिसको हृदयमा असत्यता भएको कारण, उसमा असत्यतापूर्ण सोचाइहरू र दुष्ट भावनाहरू हुन्छन्। यस संसारले दुष्ट सोचाइ र भावनाहरूकार्यमा प्रकट नभएसम्म त्यस्ता सोचाइ र दुष्ट हृदयलाई "पाप" ठान्दैन तर बाइबलले हामीलाई भन्दछ कि हाम्रो हृदय र सोचाइमा पाप हुनुपनि पाप नै हो (मत्ती ५:२८; १ यूहन्ना ३:१५)।

मानिसको मस्तिष्कभित्र एउटा "स्मरण यन्त्र" हुन्छ जसले ज्ञान भण्डार गर्ने र प्रयोग गर्ने गर्दछ। कुनै पनि व्यक्तिले जन्मैदेखि देखेको, सुनेको र सिकेको कुरा भावनासहित भण्डार हुनु नै "ज्ञान" हो। प्रत्येक व्यक्ति हुर्किएको र शिक्षा पाएको वातावरण र परिस्थिति व्यक्तिपिच्छे फरक हुँदछ। दुईजना मानिसहरूले एउटै व्यक्तिबाट उही वातावरणमा सिकेतापनि, प्रत्येकले फरक-फरक भावनाका साथ त्यो ज्ञानलाई ग्रहण गरेका हुन्छन् र त्यसैले खराबबाट असल छुट्याउनका लागि तिनीहरूका मूल्य-मान्यता र मापदण्डहरू फरक हुन्छन्।

आवश्यक्ताको आधारमा यस्तो ज्ञानबाट "सोचाइहरू" उत्पन्न हुन्छन् र प्रत्येक व्यक्तिमा फरक खालको ज्ञान भएकाले, मानिसहरूले एउटै घटनालाई देख्दापनि हरेकले फरक-फरक तरीकाले सोच्दछन्। त्यसैकारण तपाईंको देशको संस्कृति अर्को कुनै देशको लागि आलोचनाको विषय बन्न सक्छ भने तपाईंको जन्मभूमिमा बेठीक भनी सिकेको कुनै कुरा अर्को ठाउँमा सही मानिएको हुनसक्छ।

थपअझै, यस संसारका मानिसहरूका सोचाइहरू शैतानद्वारा नियन्त्रित हुने हुँदा, ती सोचाइहरू सत्यसित मेल खाँदैनन्। उदाहरणको लागि, कसैको प्रशंसा हुँदा शैतानले असत्यताद्वारा कार्य गर्दछ र मानिसहरूमा असन्तुष्टि ल्याउँदछ। यदि मानिसहरूमा केवल सत्यताको ज्ञान हुने हो भने शैतानले उहाँहरूको सोचाइलाई नियन्त्रण गर्न सक्दैन, उहाँहरूले केवल यसरी सोच्नुहुनेछ, 'उनीहरूले प्रशंसा पाउनु कति असल कुरा हो', र उहाँहरू सत्यतामा आनन्दित हुनुहुन्छ। मानिसले आफ्नो मनमा केवल असत्यताको ज्ञान भण्डार गरेको हुनाले, उसका सबै सोचाइहरू पनि असत्यतापूर्ण नै हुन्छन्। यदि असत्यताको ज्ञान सत्यताद्वारा परिवर्तन हुने हो भने, मानिसहरूका सोचाइहरू पनि सत्यतापूर्ण सोचाइहरूमा परिवर्तन हुन सक्छन्।

यसो गर्नका लागि वचन परिश्रमपूर्वक सुनेर त्यसलाई आफ्नो भोजन बनाउनु पर्दछ। जब तपाई आत्मा र सत्यतामा परमेश्वरको आराधना गरेर र केवल "हो" र "आमिन्" भन्दै वचनलाई ग्रहण गरेर आफूलाई परिवर्तन गर्नुहुन्छ, तब तपाईं छिट्टै आत्मामा प्रवेश गर्न सक्नुहुनेछ र केवल सत्यतापूर्ण सोचाइहरू तपाईंमा आउनेछन्।

### २. शरीरतिर लागेको मन

परमेश्वरको वचन सुन्दा कतिपय मानिसहरूले ती वचनहरू आफ्ना सोचाइहरूसित मेल खाने खालका छन् भने "आमिन्" भन्दै तिनलाई ग्रहण गर्दछन्। तर यदि ती वचनहरू आफ्नो ज्ञान वा अनुभवसित मेल खाने खालका छैनन् भने, "यस्तो त हुन सक्दैन" भनी तिनीहरू भन्दछन्। तिनीहरू वचनमा विश्वास गर्न सक्दैनन् तर उल्टो परमेश्वरको इच्छाविपरीतका कुराहरू सोच्दछन्। परमेश्वरको इच्छाविरुद्ध रहेका सबै सोचाइहरू "शरीरतिर लागेको मन" हुन् र शैतानले मानिसहरूलाई यस्ता शारीरक सोचाइहरू सोच्न लगाउँदछ।

बाइबलमा हामी एउटा यस्तो दृश्य पाउँछौ जहाँ येशूले आफ्ना चेलाहरूलाई उहाँले क्रूस बोक्नुपर्ने प्रबन्धको बारेमा बताउनुहुँदा पत्रुसले, "परमेश्वरले यसो नगरुन्, प्रभु !" भनी प्रतिक्रिया जनाउनुभयो। यो एउटा चेलाले आफ्नो गुरुप्रतिको प्रेमको कारण भनेको विचारशील भनाइ जस्तो लागेतापनि वास्तवमा पत्रुसले बोल्नुभएका कुराहरू शरीरतिर लागेको उहाँको मनको उपज थियो जसले परमेश्वरको इच्छा पूरा हुनबाट रोक्न खोजिरहेको थियो। यसकारणले येशूले उहाँलाई हप्काउनुभयो र भन्नुभयो, "ए शैतान, मेरो सामुन्नेबाट हटिजा !" शारीरिक मानिसहरूलाई शरीरतिर लागेको मन बुद्धिमानी र असल लाग्न सक्छ तर यस्तो मनचाहिँ परमेश्वरप्रति शत्रुता हो र यसको परमेश्वरसित कुनै सम्बन्ध छैन (रोमी ८:७)।

### ३. शारीरिक सोचाइहरू फाल्नु

मानिसका तर्क र ज्ञानहरूमा, परमेश्वरको वचन विश्वास गर्न र आज्ञापालन गर्न रोक्ने सबै सोचाइहरू नै शारीरिक सोचाइहरू हुन्। मानिसहरू दिन प्रतिदिन अनगिन्ती शारीरिक सोचाइहरूका साथ जिएका कारण, सबैजना परमेश्वरका शत्रुहरू बन्न पुगे। हामीले आफ्ना सोचाइहरूमा गरेका पापहरूका निम्ति क्षमा पाइसकेपछि के गर्नपर्दछ त ?

२ कोरिन्थी १०:५ ले हामीलाई भनेझैं, परमेश्वरका ज्ञानको विरुद्धमा खडा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई नाश गर्न र हरेक विचारलाई खीष्टको आज्ञापालन गर्न वशमा पार्नलाई हामी कटिवद्ध हुनुपर्दछ। अर्को शब्दमा, हामीले लामो समयदेखि सही ठानिरहेका ज्ञान र जानकारीहरू यदि परमेश्वरको वचनविरुद्ध छन् भने ती सबै ज्ञान र शारीरिक सोचाइहरूलाई हामीले फाल्नुपर्दछ।

यदि हामी आफ्ना सोचाइहरूद्वारा गर्ने सबै पापहरू त्याग्न चाहन्छौं भने हामीले पहिला आफ्ना हृदयलाई पवित्र बनाउनुपर्दछ। १ यूहन्ना २:१६ ले हामीलाई भन्दछ, "किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्।"

जब हृदय यस संसारका कुराहरू लिनका लागि दुष्टता र पापमय स्वभावहरूले भरिएको हुन्छ, यस्तो अवस्थामा मानिसहरूले शारीरिक सोचाइहरू मनमा राख्नु स्वभाविक हो। शरीरको अभिलाषा हृदयमा हुँदा तिनीहरूका आँखालाई सांसारिक लालसाहरू रमाइलो लाग्दछ। अनि मानिसहरूले स्वभाविक रुपमै यस्ता लालसाहरूलाई पछ्याउँदछन् र पापमय मानिसका लालसाहरू बढेपछि, तिनीहरू अझ बढी शरीरका कार्यहरू गर्नका लागि बाध्य बन्दछन् (गलाती ५:१९–२१)।

"आँखाको अभिलाषा" यस्तो स्वभाव हो जसले मानिसले देखेका र सुनेका कुराहरूद्वारा हृदयलाई उत्तेजित गराउँदछ अनि उसमा अझ बढी शारीरिक कुराहरूको चाहना बढाउँदछ। "आँखाको अभिलाषा" को कारण मानिसहरू बढी मात्रामा सांसारिक बन्दछन् र लालसापूर्ण कुराहरूको खोजी गर्दछन्।

"जीवनको शेखी" यस्तो स्वभाव हो जसले यस संसारमा मानिससित भएका सुख–सयल अनुसार उसमा घमण्ड ल्याउँदछ। यो "जीवनको शेखी" को कारण मानिसहरू आफूलाई उचाल्न खोज्दछन्, सम्मान पाउन र प्रतिष्ठा अनि अख्तियार प्राप्त गर्न चाहन्छन्। शरीरको अभिलाषा। आँखाको अभिलाषा र जीवनको शेखी त्यागिसकेपछि तपाईंले आफ्नो मनमा आत्मिक सोचाइहरू राख्न सक्नुहुनेछ जससित परमेश्वर खुशी हुनुहुन्छ।

### ४. स्वर्गमा हाम्रा निम्ति सुन्दर मुकुटहरू

येशूले काँढाको मुकुट लगाउनुभएको कारण अब हामी स्वर्ग प्रवेश गर्दा सुन्दर मुकुटहरू लगाउन सक्छौं। हाम्रा निम्ति विभिन्न प्रकारका मुकुटहरू तयार गरिएका छन् किनभने हामीले जिएको जीवनअनुसार नै हामी हरेकले फरक–फरक प्रकारको मुकुट प्राप्त गर्नेछौं। आफ्ना छोराछोरीहरू कति मात्रामा पवित्र र विश्वासयोग्य भएका छन्, परमेश्वरले सोहीअनुरुप हरेकलाई विभिन्न प्रकारको मुकुट इनामस्वरुप दिनुहुनेछ।

उदाहरणको लागि, प्रभुलाई ग्रहण गरिसकेपछि आफ्ना पापहरू फाल्न सङ्घर्ष गर्ने मानिसहरूका निम्ति "अविनाशी मुकुटहरू" (१ कोरिन्थी ९:२५); आफ्ना पापहरू फालेर र उहाँको वचनअनुसार जिएर परमेश्वरलाई महिमा दिने मानिसहरूका निम्ति "महिमाका मुकुटहरू" (१ पत्रुस ५:४); परमेश्वरलाई सबैभन्दा बढी प्रेम गर्ने र हरेक प्रकारका दुष्टतालाई त्यागेर पवित्र बनी मृत्युसम्मै विश्वासी हुनेहरूका लागि "जीवनको मुकुट" (याकूब १:१२; प्रकाश २:१०); र सम्पूर्ण रूपले पवित्र बनी परमेश्वरलाई खुशी तुल्याउने विश्वासका साथ परमेश्वरले दिनुभएका जिम्मेवारीहरू पूर्ण रूपले निर्वाह गर्ने हरेकका लागि "सुनका मुकुटहरू" राखिएका छन् (प्रकाश ४:४)।

खीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, काँढाको मुकुट पहिरनुभएर परमेश्वरको पुत्र येशूले हामीलाई हाम्रा सोचाइहरूका पापहरूबाट मात्र छुटकारा दिनुभएन तर हामीलाई स्वर्गमा सुन्दर मुकुटहरू पनि लगाउन दिनुभएको छ। तपाईंहरू हरेकले परमेश्वरको प्रेमप्रति सधैं कृतज्ञ रही शुद्ध हृदय धारण गरेर परमेश्वरको सारा घरानामा विश्वासयोग्य बनी नयाँ यरुशलेमको अनन्त शहरमा सुन्दर मुकुट प्राप्त गर्नभएको होस् भनी म हाम्रा प्रभु येशू खीष्टको नाउँमा प्रार्थना गर्दछु।



# कसरी प्रभुको पवित्र र सुन्दर दुलही बन्ने

तपाईंले येशू ख्रीष्टलाई ग्रहण गर्नुभएर वरदानको रूपमा पवित्र आत्मा प्राप्त गरिसक्नुभएपछि, तपाईंको नाउँ जीवनको पुस्तकमा लेखिन्छ र तपाईं परमेश्वरको सन्तान बन्नुहुन्छ। योचाहिँ बृद्धिसिकरणद्वारा प्रेमका साथ मुक्तिको बाटो खोलिदिनुहुने प्रभुको दुलही बन्न योग्य हुनका लागि गर्ने तयारीहरूको शुरूवात हो। पुनरुत्थान हुनुभएर स्वर्गमा चढिजानुभएको प्रभुले परमेश्वरको सन्तानको रूपमा अधिकारप्राप्त विश्वासीहरूका लागि अहिले स्वर्गमा बस्ने ठाउँहरू तयार गरिरहनुभएको छ र उहाँ आफ्ना पवित्र र सुन्दर हृदय भएका दुलहीहरूलाई लिनका निम्ति आकाशमा आउनुहुनेछ।

"यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतिक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर।" (२ पत्रुस ३:१४)

"यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून् र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैंकहाँ प्रस्तुत गर्न सकून्, र त्यो चाहिँ पवित्र र निष्खोट होस्।" (एफिसी ५:२६-२७)

निष्कलङ्क, निष्खोट, बेदाग र चाउरीपनारहित पवित्र र सुन्दर दुलही बन्नका लागि हामीले के गर्नुपर्दछ? यसका केही आत्मिक अर्थहरूलाई हामी हेरौं।

## निष्कलङ्क

यदि आफूलाई इसाई भन्ने कुनै मानिसले मद्य पिउँछ, हिंसात्मक कार्य गर्दछ, झूट बोल्दछ, अरूलाई ठग्दछ र अभावमा जीवन जिउँछ भने अरू मानिसहरूले उसको आलोचना गर्न सक्छन्।

"कलङ्क" भन्नाले त्यस्ता कुकर्महरू हुन् जुन बाहिर स्पष्ट रूपमा प्रकट हुन्छन्। अर्को शब्दमा, यसअन्तर्गत सत्यता विरुद्धका कार्यहरू पर्दछन्। त्यसकारण, प्रभुलाई ग्रहण गरेपछि, सर्वप्रथम तपाईंले आफ्नो पुरानो जीवनशैलीलाई कार्यद्वारा परिवर्तन गर्नैपर्दछ। यो महत्वपूर्ण कुरा हो।

त्यस्तै, "कलङ्क" ले 'कुनै दाग वा धब्बालाई जनाउँदछ जसले केही कुराको स्वरुपलाई बिगार्दछ'। यदि कसैले मानिस र परमेश्वर दुवैको दृष्टिमा प्रत्यक्ष तवरले दुष्टकार्य गरेको छ भने प्रभुलाई ग्रहण गरेर आफ्ना अपराधहरूका निम्ति पश्चाताप गरेतापनि त्यो कुरा उसमा अल्प मात्रामा बाँकी रहेको हुनसक्छ। त्यस्तै, यदि कसैले गलाती ५:१९–२१ मा उल्लेखित शरीरका कार्यहरू गरेको छ भने, प्रभुलाई ग्रहण गरेपछि, उसले ती कुराहरूका निम्ति पूर्ण रूपले पश्चाताप गरेतापनि, तिनका 'खत' बाँकी रहन्छन्। अवश्य पनि, यसको अर्थ ऊ बचाइन सक्दैन भन्ने होइन तर उसलाई स्वर्गका उत्तम निवासस्थानहरूमा प्रवेश गर्न कठिन हुन्छ। त्यसैले, अरूको तुलनामा उसले बढी परिश्रम गर्नैपर्ने हुन्छ।

यी बाहेक, हाम्रा कमजोरीहरूलाई पनि 'कलङ्क' भन्न सकिन्छ। कुनै पनि मानिस विकासक्रमका आवश्यक चरणहरू: हेर्ने, सुन्ने, महसूस गर्ने र अभ्यास गर्ने कुराहरूबाट ठीकसित गुज्रनुपर्दछ। तर यदि कुनै व्यक्ति निश्चित चरणबाट असामान्य रूपले गुज्रिएको छ वा त्यो चरणबाट गुज्रिन उ छुटेको छ भने, त्यसको कारणले गर्दा शरीरको कमजोरी पैदा हुन्छ। जब तपाईं आफ्ना त्रुटि र कमीहरू महसूस गरेर सत्यतामा हेर्न, सुन्न, महसूस गर्न र कार्य गर्न थाल्नुहुन्छ तब मात्रै तपाईं आफ्ना कमजोरीहरूलाई हटाउन सक्नुहुन्छ।

## निष्खोट

'खोट' ले पापमय स्वभाव र पापमय स्वभावबाट आउने सबै कुराहरूलाई जनाउँदछ। यदि कुनै व्यक्तिले उसको अनुहारबाट कोठी वा दागहरू हटाइसकेपछि घाममा खुला रूपले हिँड्डुल गर्छ भने ती कोठी वा दागहरू फेरि आउन सक्छन्। त्यसैगरी, तपाईंले आफ्ना विगतका पापहरूका निम्ति पूर्ण रूपले पश्चाताप गर्नुभएतापनि, यदि तपाईं यस संसारका कुराहरूमा अल्झिरहनुहुन्छ र पापमय स्वभावका जराहरू उखेलेर फाल्नुहुन्न भने संसारका कुराहरूको सम्पर्कमा आउँदा तपाईंले फेरि पाप गर्ने सम्भावना रहन्छ। त्यसकारणले गर्दा तपाईंको हृदयले पूर्ण निश्चयता नपाएसम्म पापमय स्वभावहरूलाई निरन्तर त्याग्नु अत्यन्त महत्वपूर्ण छ।

पापमय स्वभावहरू त्याग्ने प्रक्रियामा, सर्वप्रथम हामीले झूट, धूर्त्याइँ, घृणा, डाहा, ईर्ष्या र व्यभिचार जस्ता प्रत्यक्ष रूपमा प्रकट हुने दुष्टतालाई त्याग्नुपर्दछ। त्यसपछि, हामीले दुष्ट विवेकलाई त्याग्नुपर्छ, परमेश्वरको वचनसित मेल नखाने हरेक कुरा पत्ता लाग्नासाथ हामीले ती सबै कुरालाई हटाउनुपर्दछ। त्यस्तै, हामी आफैंले पत्ता लगाउन नसकेका हाम्रा स्वभावमा रहेका दुष्ट्याइँहरू परमेश्वरको अनुग्रहबाट कष्ट-परिक्षाहरूद्वारा पत्ता लगाएर हामी तिनलाई त्याग्न सक्छौं।

## बेदाग

'दागहरू' ले शरीरका यस्ता कमजोरीहरूलाई जनाउँदछन् जुन अति मामुली वा नगण्य झैं लाग्दछन् तर पत्ता लगाउन प्रयास गर्दा तिनलाई पत्ता लगाउन सकिन्छ। मानिसको व्यक्तित्व वा स्वभावको कारणले गर्दा पैदा भएको शरीरको कमजोरी यस अन्तर्गत पर्दछ। बाह्यमुखी स्वभावको कुनै व्यक्तिले आफ्नो घमण्ड वा अहंकारपूर्ण स्वभाव त्यागेको भएतापनि उसको सक्रिय र जोशिलो मिजास अन्य मानिसहरूको दृष्टिमा अहङ्कारपूर्ण स्वभावको कारण आएको जस्तो देखिन सक्छ।

त्यस्तै, वृद्धि हुने क्रममा अनुभवको कमीको कारण पैदा हुने शरीरको कमजोरी पनि हुन्छ। मानौं सांसारिक कुराहरूको मोहमा कहिल्यै नअल्झिएको कुनै मानिसले आत्माको हृदय प्राप्त गर्नभएको छ। आफूले कहिल्यै पनि शारीरिक कुराहरू अनुभव नगरेको कारण उहाँले कहिलेकाहीं अरूको हृदयलाई बुझ्न र उनीहरूलाई अँगाल्न सक्नुहुन्न। यो पाप त होइन तर यसको कारणले गर्दा अरूले उहाँको न्याय गर्ने मौका पाउन सक्छन्। त्यसकारण, यस्ता कमजोरीहरूलाई हटाइसकेपछि मात्रै हामी पूर्ण छौं भनी हामी भन्न सक्छौं।

## चाउरीपनारहित

'चाउरीपना' ले हामीले बनाएका संरचनाहरूलाई जनाउँदछ। ती संरचनाहरू हामी आफैंले भलाइ र सत्यता प्रयोग गरी बनाउने गर्दछौं। मानौं कुनै कम्पनीको मालिक वा अध्यक्षले आफ्ना कामदारहरूलाई खाना खुवाउन लैजान्छ भनी भन्नुहुन्छ। तर उहाँको कम्पनीको निर्देशकले उहाँलाई यसो भनी उत्तर दिनुहुन्छ, "यस कम्पनीमा काम गर्ने मौका पाएकोमा नै हामी अत्यन्त धन्यवादी छौं। तपाईंले हामीलाई खाना खुवाउनु पर्दैन।" वा मानौं ती अध्यक्षले आफ्ना कामदारहरूलाई रेस्टुरेण्टमा यस्तो भन्नुहुन्छ, "आफूलाई मन लागेअनुसार को खाना खानुहोस्" तर यी निर्देशकले सबैभन्दा सस्तो मूल्यको खाना रोजेर, "यति भए हामीलाई भइहाल्छ नि, होइन र?" भनी भन्नुहुन्छ। यी निर्देशकलाई त्यसो गर्न भलाइ हो जस्तो लागेतापनि उहाँले आफ्नो अध्यक्षको भलाइको गहिराइलाई बुझ्नुभएको छैन र अध्यक्षले गर्न खोज्नुभएको कार्यले अन्य कामदारहरूलाई परिश्रमपूर्वक काम गर्न प्रेरणा दिन्छ भन्ने नसोचिकनै उहाँले त्यस्तो व्यवहार गर्नुहुन्छ।

कतिपय मानिसहरूले आफ्ना सोचाइहरू प्रयोग गरेर परमेश्वरको आशिष आउन रोक्नुहुन्छ। यसको मतलब अरूको बारेमा सोच्नका लागि उहाँहरूमा भलाइको केवल सीमित धारणा मात्रै छ र यसले आशिष प्राप्त गर्न रोक लगाउँदछ। परमेश्वरले चाहनुहुने भलाइको गहिरो तह र आत्माको गहिरो तहमा पुग्नका लागि हामीले आफूले बनाएका भलाइका संरचनाहरूलाई तोड्नुपर्दछ।

थपअझै, आफूले थाहै नपाइकन तपाईं भित्र शरीरको अल्प परिमाण रहेको हुन सक्दछ। यदि तपाईं अन्तर्मुखी र शान्त स्वभावको व्यक्ति हुनुहुन्छ भने, मानिसहरूले यस्तो सोच्न सक्छन्, "किन उसले त्यस्तो व्यवहार गरेको होला?" तर तपाईं आत्माको गहिरो तहर सम्पूर्ण आत्माका पुग्नु हुन्छ भने परमेश्वरले तपाईंको व्यक्तित्वको भागलाई नम्र र कुशल व्यवहारमा रुपान्तरण गरिदिनुहुनेछ र त्यसलाई प्रयोग गर्नुहुनेछ।

१ थेसलोनिकी ५:२३ मा, "शान्तिका परमेश्वर आफैंले सम्पूर्ण रूपले तिमीहरूलाई चोखो तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्" भनिएझैं हामीले कुनै पनि दाग वा खोट नभएकी दुलहीका रूपमा हाम्रो प्रभुलाई स्वागत गर्नैपर्दछ।

# “धन्यवाद प्रभु तपाईंले रोगी शरीर र घायल हृदयलाई निको पारिदिनुभयो”

डिकनिस अमारा सेरेनडोर्ज (मंगोलिया मानमिन मण्डली)

म पाँच वर्षको उमेरदेखि नै मेरो सौतेनी बुबासित बसेको थिएँ । उहाँले मलाई भन्दा बढी मेरा अन्य दाजुभाइ दिदीबहिनीहरूलाई माया गर्नुहुन्थ्यो र सधैँ रक्सी पिउनुहुन्थ्यो । उहाँले मेरी आमालाई गालीगलौज गर्नुहुन्थ्यो अनि हिंसात्मक व्यवहार गर्नुहुन्थ्यो । म यस्तो पृष्ठभूमि भएको परिवारमा हुर्किएँ, त्यसैले अरूलाई प्रेम गर्न वा अरूबाट प्रेम पाउन मैले जानेको थिइनँ । म आफ्ना कमजारीहरू अरूलाई देखाउन चाहदिनथेँ र मेरो भावनाहरूमा प्रायजसो चोट लाग्ने गर्दथ्यो । समय बित्दै जाँदा म स्वमताग्रही बनेँ किनकि म कोहीमाथि पनि भर पर्न सक्दिनथेँ ।

सन् १९९२ मा मनमा शान्ति पाउनका लागि म मण्डली गएँ । तर त्यो समयमा मलाई सत्यता थाहा थिएन त्यसैले मण्डलीको सदस्यहरूको कारण मेरो हृदयमा चोट लाग्यो । अनि अन्ततः म प्रभुदेखि टाढिएँ । यसै बीचमा, युवावस्थादखि नै म पीडित भइरहेका रोगहरू, मृगौलाको संक्रमण र सिस्टाइसिस (मूत्राशयको थैली सुन्निएर हुने रोग) का लक्षणहरू अझ तीव्र हुँदै गए । मलाई पिसाब फेर्न गाह्रो हुन्थ्यो र पिसाबमा रगत मिसिएर आउँथ्यो । थपअझै, मेरो ढाड तीव्ररूपले दुख्ने हुनाले म राम्रोसित हिँड्न सक्दिनथेँ र म धेरै समय सुतेर बिताउने गर्दथे । सन् १९९६ मा मलाई हेपाटाइटिस बी रोग पनि लाग्यो । पछि मेरो विवाह भयो, बच्चाहरू जन्मिए र मैले परिश्रमपूर्वक जीवन जिउन थालेँ तर मेरो श्रीमान्सितको झगडाको कारण म पीडित थिएँ ।

मैले मंगोलियाको राष्ट्रिय विश्वविद्यालयमा अंग्रेजी विषय अध्ययन गरेँ र सन् १९९८ मा म अंग्रेजी विषयको शिक्षिका बनेँ । सन् २०११ मा म अरूको अगुवाइमा प्रभुको अँगालोमा फेरि फर्किएँ । म आइतबारको दिन विदेशी मिशिनेरीहरूसित मिलेर परम्परागत मंगोलियन पालमा आराधना सेवा अर्पण गर्दथेँ र गरीबहरूलाई अंग्रेजी सिकाउनका लागि मैले अंग्रेजी भाषा सिकाउने संस्था चलाउने गर्दथेँ ।

सन् २०१२, जुन महिनामा मैले एउटा मण्डलीमा आउने निम्तो पाएँ र त्यहाँका सदस्यहरूलाई अंग्रेजी सिकाएँ । पास्टर एरियोन्चकले मलाई मंगोलियन संस्करणको ‘मानमिन समाचार’ दिनुभयो । त्यो पढेपछि, म मिशिनरी बोट्जोरिग पुरुबले सेवकाइ गर्नुहुने मंगोलिया मानमिन मण्डलीमा गएँ । त्यो समयमा, मण्डलीका सदस्यहरू इन्टरनटको प्रत्यक्ष प्रसारण मार्फत् मानमिन केन्द्रीय मण्डलीसितै आइतबार बिहानको आराधना सेवामा सहभागी भइरहनुभएको थियो ।



सिनियर पास्टर डा.जरक लीले हामी विश्वाको चट्टानमा खडा हुनका लागि हामीले त्याग्नै पर्ने पापहरूका बारेमा व्याख्या गर्नुभयो । त्यो बुझ्नका लागि सजिलो थियो र उहाँले सामान्य उदाहरणहरू दिनुभएर सत्य सिकाउनु हुन्थ्यो । उहाँको प्रवचनद्धारा म एकदमै प्रभावित भएँ । परमेश्वरको इच्छा थाहा पाएर मेरो आत्मा आनन्द र पवित्र आत्माको भरपूरीले नयाँ भयो । त्यसको केही समयपछि नै, मंगोलिया मानमिन मण्डलीले समर रिट्रिट कार्यक्रम आयोजना गऱ्यो । मिशिनरी बोट्जोरिग पुरुबले क्रूसको सन्देश प्रवचन प्रचार गर्नुभयो । त्यो वचन सुनेपछि, येशू किन मुक्तिदाताको रूपमा यस पृथ्वीमा आउनुभयो र क्रूसमा जानुभयो अनि त्यसको अर्थ के थियो भनी मैले बुझ्न सकें । मेरो विश्वासको नयाँ जग बसाल्ने त्यो एक आशिषमय समय यियो ।

परमेश्वरले क्याम्प फायर आराधना र प्रशंसाको समयमा देखाउनुभएको चिन्हहरू समेत मैले अनुभव गरेँ । रातको समयमा आकाश बादलले ढाकिएको थियो । तर सहभागीहरूले विश्वासका साथ, “परमेश्वर, कृपया हामीलाई ताराहरू देखाइदिनुहोस् !” भनी पुकारा गर्दा बादलहरू हटेर हामीले अनगिन्ती ताराहरू देख्न सक्यौं । थपअझै, मैले ताराहरू हिँडेको देखेँ जसले गर्दा येशूको जन्मको समयमा पूर्वका तीन जना ज्योतिषीहरूलाई ताराले बाटो देखाएको घटना वास्तविक थियो भनी मैले अझ निश्चयताका साथ महसूस गर्न सकेँ ।

यस्ता अनुभवहरूद्धारा, म मेरा सबै रोगहरूबाट निको हुन सक्छु भन्ने विश्वास ममा आयो । मैले सर्वशक्तिमान् परमेश्वरसित प्रार्थना गरेँ, आत्मा र सत्यतामा आराधना गरेँ र सिनियर पास्टर डा. जेरक लीले उहाँको प्रवचनपछि बिरामीहरूका लागि गरिदिनुहुने प्रार्थना विश्वासका साथ ग्रहण गरेँ । फलस्वरुप, मलाई १७ वर्ष देखि दुःख दिइरहेको हेपाटाइटिस बी, मृगौलाको संक्रमण र सिस्टाइसिस (मूत्राशयको थैली सुन्निएर हुने रोग) बाट मैले चङ्गाइ पाएँ ।

मेरो भाइ, जो एक डाक्टर हुनुहुन्छ, उहाँ र मेरा अन्य आफन्तहरूले म निको भएको देखेर परमेश्वरलाई विश्वास गर्नुभयो र मण्डली आउन थाल्नुभयो । त्यस्तै, सन् २०१२ डिसेम्बरदेखि मैले ‘मानमिन समाचार’ लाई मंगोलियन भाषामा अनुवाद गर्ने र मंगोलियन भाषामा अनुवाद गरिएको डा. जेरक लीको पुस्तक ‘विश्वासको नाप’ लाई सम्पादन गर्ने आशिषमय अवसर पाएँ । यसरी अनुवाद गर्ने कार्यद्धारा परमेश्वरको इच्छा जान्न पाएकोमा म खुशी छु । सबै धन्यवाद र महिमा परमेश्वरलाई होस् जसले मलाई साँचो खुशी दिनुभएको छ ।

# “मेरो कमजोर श्रवण शक्तिमा सुधार आयो”



दाजु गोकुल भुजेल
(मानमिन मिशन सेन्टर, नेपाल)

केहीसमय अघिको कुरा हो, म नेपालको मध्यपूर्वी क्षेत्र रामेछापको ओकाबोटमा धामी को काम गर्थें र म एक हिन्दु थिएँ । तर मार्च २०१३ मा, परमेश्वरको अद्भुत शक्ति अनुभव गरेर मैले प्रभुलाई ग्रहण गरे ।

सन् २०१३ जनवरीमा, म आफ्नो छोराको परिवार भेट्न भनी नेपालको राजधानी शहर, काठमाण्डौ आएँ । तिनीहरूले नेपाल मानमिन मिशन सेन्टरमा विश्वासी जीवन जिउँदै हुनुहुन्थ्यो । मेरी श्रीमती म भन्दा अगाडिनै त्यहाँ जानुभएको थियो । उहाँले सेन्टरमा गएर प्रभुलाई भेट्नुभयो र प्रभुप्रतिको पहिलो प्रेमले भरिपूर्ण हुनुभयो । उहाँको मण्डलीमा परमेश्वर हुनुहुन्छ अनि त्यहाँ उदेकका शक्तिशाली कार्यहरू हुन्छन् भनी उहाँ गर्वका साथ भन्नुहुन्थ्यो र मलाई सधैं मण्डली लैजान प्रयत्न गर्नुहुन्थ्यो । मिशनरी पाष्टर ग्रेस लीले पनि मलाई प्रेमपूर्वक परमेश्वरको बारेमा बताउनुभयो ।

मिशनका सामग्रीहरूमा अन्धोले दृष्टि प्राप्त गरेको, बहिरोले श्रवण शक्ति पाएको अनि लङ्गडो उभिएको, हिँडेको अनि उफ्रेको कुराहरू पढेपछि ममा विश्वास आयो । मेरो परिवार अनि मण्डलीका सदस्यहरूको न्यानो प्रेमले मेरो हृदय खुल्यो ।

मैले प्रेरितहरूको विश्वासको सार अनि प्रभुको प्रार्थना पढेर कण्ठस्थ पारेँ । मैले डा. जेरक लीको सन्देश “जीवनको बीउ” सुनेँ जसद्धारा म धेरै प्रभावित भएँ । यसैबीच, मैले आश्चर्यजनक कार्य अनुभव गरेँ । मेरो श्रवण शक्ति ज्यादै कमजोर थियो, जसले गर्दा म अलि टाढाका आवाजहरू सुन्न सक्दिनथेँ । तर थाहै नपाइकन, मैले त्यस्ता आवाजहरू सुन्न थालेँ ।

म ७३ वर्षीय धामी थिएँ, तर अहिले म परमेश्वरको सन्तान भएको छु । म अत्यन्तै आशिषित् भएको छु ! परमेश्वर एक मात्र साँचो परमेश्वर हुनुहुन्छ र केवल येशू हाम्रो एक मात्र मुक्तिदाता हुनुहुन्छ भनी म भन्न सक्छु । हाल्लेलूयाह !

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन